



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रोगको समयमा उपचार गर्नु पर्दछ। उपचारका लागि धामी झाक्रीकहाँ होइन स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❑ वर्ष २२ ❑ अङ्क ४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन १९ गते बुधबार ❑ 3 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## सरकारसँग वार्ता गर्न विप्लवको २ सदस्यीय टोली

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ फागुन**

सरकारसँग वार्ता गर्न नेकपा विप्लव समूहले पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा प्रकाण्ड र केन्द्रीय सदस्य उदय चलाउने दीपकलाई अघि सारेको छ।

विप्लवले मंगलबार एक विज्ञप्तिमार्फत प्रवक्ता प्रकाण्डको नेतृत्वमा केन्द्रीय सदस्य दीपक चलाउने सदस्य रहेको दुई सदस्यीय वार्ता टोली गठन गरेको जानकारी दिएका हुन्।

विप्लव पक्षसँग वार्ता गर्न सरकारी पक्षले गृहमन्त्री रामबहादुर थापा बादल र प्रधानमन्त्रीका सल्लाहकार राजन भट्टराईको नाम सार्वजनिक गरेसँगै विप्लव पक्षले पनि टोली घोषणा गरेको हो । मंगलबार दिउँसो सरकारका प्रवक्ता पार्वत गुरुङले पत्रकार सम्मेलन गरी विप्लव पक्षसँग वार्ता गर्नका लागि वार्ता टोलीको नाम सार्वजनिक गरेका थिए।

केपी ओली नेतृत्वको सरकारले आपराधिक समूह रहेको ठहर गर्दै २ वर्षअघि प्रतिबन्ध लगाएको विप्लव नेतृत्वको दललाई अहिले सरकार आफैले पहल थालेर वार्तामा बोलाएको हो । यसै गरी नेपाली कांग्रेसले मुलुकका सबै समस्याको समाधान वार्ता र संवादबाट गर्नुपर्ने मान्यतामा दृढ रहँदै आएको उल्लेख गर्दै सरकार र नेत्रविक्रम चन्द 'विप्लव' समूहले वार्ताका लागि समिति गठन गर्नुलाई सकारात्मकरुपले लिएको जनाइएको छ।

कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले मंगलबार विज्ञप्तिमार्फत सरकार र सो समूहले इमान्दारपूर्वक बहुलवादमा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक र संसदीय शासन प्रणालीको परिधिभित्र रही समाधान खोज्ने विश्वास व्यक्त गरेका छन्।

## प्रदेशको पर्यटन मन्त्रालय सहित ७ संस्था फेवातालबाट माटो निकाल्ने कार्यमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ फागुन**

गण्डकी प्रदेशको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय सहित ७ वटा संस्थाको अगुवाईमा पोखराको फेवातालको माटो तथा ढुंगा निकाल्न सुरु गरिएको छ।

प्रदेशका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री विकास लम्सालले मंगलबारदेखि फिर्के खोलादेखि उक्त माटो निकाल्ने कार्यको निर्देशन दिदै प्रारम्भ गरेका थिए।



फेवातालको माटो तथा ढुंगा एवं फोहोरजन्य पदार्थ निकाल्ने अभियानमा सरोकार निकायहरुको सहयोग आवश्यक भएको मन्त्री लम्सालको भनाई थियो । पोखरा फेवाबाधको मर्मत गर्न हाल पानीको सतह घटेको अबस्थामा बढी समस्या रहेको फिर्केखोलाबाट माटो निकाल्ने अभियान सुरु भएको पर्यटन मन्त्रालयका महाशाखा प्रमुख रामकाजी श्रेष्ठले बताए । मन्त्रालयको संयोजनमा पोखरा महानगरपालिका, जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय कास्की, बृहत जलाधार व्यबस्थापन कार्यालय कास्की, जलाधार व्यबस्थापन कार्यालय, तनहुँ, डिभिजन वन कार्यालय कास्की, ताल संरक्षण तथा विकास प्राधिकरणको सहकार्यमा फेवातालमा थिग्रानको माटो निकाल्ने कार्य सुरु भएको हो।

करिब साँढे ३ मिटरको भाग माटो, ढुंगा तथा फोहोरले तालको भाग पुरिएको फिर्के खोलामा पानीको सतहमा पुऱ्याउन कम्तिमा २ मिटर माटो फाल्नु पर्ने महाशाखा प्रमुख एवं फेवाताल माटो निकाल्ने अभियानका संयोजक समेत रहेका श्रेष्ठले बताए। फिर्केखोलाको माटो निकालेसंगै कोमागाने पार्क र बसुन्धरा पार्क क्षेत्रमा रहेका खाल्डा खुल्डी सहित घोल क्षेत्रमा उक्त माटो व्यबस्थापन गरिने भएको संयोजक श्रेष्ठले बताए। फिर्केखोला क्षेत्रको माटो, बाराहीघाट नजिक, खहरेखोला क्षेत्रमा, चिसाखोला लगायतका क्षेत्रको पहिलो चरणमा करिब १५ हजार घनमिटर माटो निकाल्ने लक्ष्य राखिएको उनले जनाए । उक्त माटो निकाल्न करिब २५ लाख लाग्ने भएको संयोजक श्रेष्ठले बताए । हालसम्म ताल संरक्षण तथा विकास प्राधिकरणले उक्त माटो निकाल्ने अभियानमा करिब ५ लाख लगानी गर्ने भएको छ भने अन्य निकायहरुसंग समन्वय गर्दै गरेको उनले जनाए। प्राधिकरणले कोमागाने र बसुन्धरा पार्कको सौन्दर्यकरण गर्ने बजेट मध्य उक्त पार्कको सतह मिलाउने गरी उक्त रकम फेवातालको माटो तथा माटोजन्य पदार्थ निकाल्न खर्चिन लागेको प्राधिकरणका कार्यकारी निर्देशक डा. अनुप गुरुङले बताए। आवश्यक बजेटको जोहो सरोकार निकायहरुसंगको सहकार्यमा व्यबस्थापन गरिने भएको उनले जनाए । हाल फेवाबाधको गेट बन्द गरिएकोले जति सक्दो छिटो माटो निकाल्दा सहज हुने निर्देशक डा. गुरुङको भनाई थियो।

हाल केही दिन देखि फेवाबाधको गेट बन्द गरिएकोले तालको पानी रिचार्ज हुन थालेको जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय कास्कीका डिभिजन प्रमुख इ.किरण आचार्यले बताए । करिब एक महिनामा तालको पानीको सतह पहिलाकै अबस्थामा पुग्ने अन्यथा अन्य पानीको श्रोत तालमा ल्याउनु पर्ने उनले बताए । फेवातालमा हाल हर्पन खोलाको पानी नै मुख्य श्रोतको रुपमा राखिएको हो । एक महिनामा पहिलाकै अबस्थामा पानीको सतह नपुगेको अबस्थामा सेतीनदीको पानी समेत तालमा मिसाउन सकिने भएको आचार्यले जनाए । पोखराको फेवातालको बाध करिब ३८ बर्ष पछि मर्मत गर्न थालिएको हो । बाधको रवरशिल र लन्चिन एप्रोन(शुसन) पानीले खिएका कारण बाधबाट पानी चुआवट भएकोले त्यसको मर्मतको कार्य आर्न्तगत रवरशिल फेरीएको छ भने अन्य काम धमाधम भई रहेको डिभिजन प्रमुख आचार्यले बताए। २०३१ सालमा फेवातालको बाध फुट्संगै यूएनडिपीको सहयोगमा २०३९ सालमा बाध पुनः मर्मत भएको थियो । फेवातालमा पानीको सतह घटेसंगै केही होटल तथा रेष्टुरेण्ट व्यवसायीहरुले पुनः फेवाताल मिच्न समेत सुरु गरेका छन भने केही ठाँउमा सिंसार क्षेत्र पुर्न समेत थालेको स्थानिय शिव देवकोटाले बताए।

फेवाताल चारकिल्ला निर्धारण, सिमाङकन तथा नक्साङकन समितिले फेवातालको क्षेत्रफल ५ दशमवल ७ सय २६ वर्ग किलोमिटर अर्थात ११ हजार २ सय ५५ रोपनी ११ आना १ पैसा भएको जनाएको छ । जिल्ला विकास समितिका पूर्व सभापति पुण्य प्रसाद पौडेलको संयोजकत्वमा गठन भएको समितिले उक्त क्षेत्रफल उल्लेख गरेको छ। उसो त पोखरा उपत्यका नगर विकास समितिका पूर्व अध्यक्ष विश्वप्रकाश लामिछानेको संयोजकत्वमा गठित आयोगले फेवातालको क्षेत्रफल १२ हजार ८ सय ७४ रोपनी अर्थात ६.५४ बर्गकिलोमिटर रहेको प्रतिवेदनमा उल्लेख भएको छ। १ हजार ६ सय १९ रोपनी फेवातालको जग्गा कसरी गुम्न गएको त्यसको बारेमा स्थानिय अचम्मित भएका छन्। कुनै समयमा फेवाताल २० हजार रोपनी क्षेत्रफलमा समेत फैलिएको स्थानिय हेमराज पहारीले बताए।

## फेवातालको विवरण पहिलोपल्ट राजपत्रमा : मापदण्ड कायम गर्न निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ फागुन**

यहाँस्थित फेवातालको चारकिल्ला र सिमानासम्बन्धी विवरणसहित पहिलोपल्ट नेपाल राजपत्रमा सूचना प्रकाशन भएको छ।

नेपाल राजपत्रको खण्ड ७० भाग पाँचमा फागुन १७ गते प्रकाशित सो राजपत्रमा फेवातालको चारकिल्ला विवरण तथा सीमारेखाको व्याख्यासमेत गरी फेवातालको क्षेत्रफल ११ हजार २५५ रोपनी ११ आना एक पैसालाई तोकिएको छ।

यसैगरी चार किल्लामा पूर्वमा ड्यामसाइड, पश्चिममा मोरेबगर, उत्तरमा खपौदी चङ्खपुर दम्किलो र दक्षिणमा चिसापानी रानीवन कायम गर्नेसमेत उल्लेख गरिएको छ। साथै, सो राजपत्रमा फेवातालको अक्षांश र देशान्तरसहितको नक्सासमेत प्रकाशित गरिएको छ । फेवातालको दीर्घकालीन संरक्षण र सम्बर्द्धनमा यस सूचनाले सरकारका सबै निकायलाई औपचारिक तवरबाट अघि बढ्न कानूनी बाटो खुला भएको पोखरा महानगरका प्रमुख मानबहादुर जिसीले जानकारी दिए। यसैगरी फेवातालको चारकिल्ला निर्धारण सीमाङ्कन तथा नक्साङ्कन समितिले यही फागुन १८ गते पोखरा महानगरपालिकालाई मापदण्ड कायम गरी फेवातालको दीर्घकालीन संरक्षणमा ध्यान दिन निर्देशनसमेत गरेको छ। यसअघि विभिन्न निकायबाट तय भएका मापदण्ड, सर्वोच्च अदालतको फैसला, प्राकृतिक न्यायको सिद्धान्तलगायतका विषयलाई समेत ध्यान दिई प्रचलित ऐन कानूनबमोजिम मापदण्ड तय गरी फेवातालको संरक्षण गर्नका लागि सरकारबाट पारित भएको नक्सासमेत उपलब्ध गराएको छ।

समितिले गण्डकी प्रदेशलाई फेवातालभित्र परेका कित्ता जग्गा के कसरी कुन प्रक्रियाबाट दर्ता हुन गए, के कस्तो प्रकृतिका जग्गा छन् भन्नेलगायतको यथार्थ

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मृगौला रोगीको पिडामा मलाम लगाउँदै बि १३ युकेका पोखरेली

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ फागुन**

जीवनमा जे काम गरिन्छ त्यसमा रमाउन सक्नुपर्छ। काममा सन्तुष्टि र विचारमा शुद्धता नै वास्तवमा सफलता हो। जीवनमा एक अर्काको सेवाले नै सवै भन्दा बढि आत्मसन्तुष्टी मिल्दछ।



एक अर्काविच सहयोगी भावन राख्नु पर्छ। यिनै भावनाले ओतप्रोत भएका बि १३ युकेका सदस्यहरुबाट संकलित एक लाख १३ हजार आठसय वडा नं १३ निवासी मिने सार्कीलाइ प्रदान गरेका छन् । दुवै मृगौला खराव भएपछि सत्य युवा क्लवका अध्यक्ष सुरेन गुरुङ मार्फत बैकमा जम्मा गरेको भौचर प्रदान गरेका हुन् । कैलाश टोलमा अस्थायी बसोबास गर्दै आएका ३७ वर्षिय मिने सार्कीको गत चैत वाट मृगौलाले काम गर्न छोडेपछि परिवारलाइ चिन्तामा डुवाएको छ। एक वर्ष पहिला पूर्वतिरको गाइघाट होटलमा कामको शिलशिलामा जाँदा स्वास्थ्यमा समस्या आएपछि धरान अस्पतालमा उपचार गर्ने क्रममा मृगौलाले काम गर्न छाडेको मिनवहादुरले थाहा पाए। उपचारको क्रममा भौतारिहँदै हिड्दा पोखराको चरक अस्पतालमा पुगे पछि हाल सोही अस्पतालमा निःशुल्क डायलासिस गरिराखेका छन्। मजदुरी गरी आफ्नो परिवार पलिरहेका मिनवहादुर आँफै थलपरेपछि परिवारको समेत विचल्ली पर्दै गएको छ । अर्काको दुःखमा लामो समय देखि सहयोग मात्र हैन चराएको घाउमा मलामा लगाउन बि १३ युकेका सदस्यहरु समाजमा अग्रपंत्तिमा देखिन्छन्। नेपालमा बाढि पहिरो, गरिवका हरेक पिडा र कोभिड १९ मा देखा परेका हरेक समस्यामा सहयोग गर्दै आएको छ बि १३ युके । सत्य युवा क्लव मार्फत बाँझापाटन देखी पिडा परेका नेपालीहरुलाइ सहयोग गर्दै आएको अध्यक्ष सुरेन गुरुङले भने। पोखरा १३ तथा आसपासका गतिविधिमा मिने सार्कीको भिडियो हेरेपछि युकेका भाइहरुलाइ मन थाम्न गाह्रो भएपछि चराएको घाउमा मलाम लगाउने उद्देश्यले केही रकम संकलन गरी वडा १३ कै मिनेलाइ सहयोग गरेका अध्यक्ष सुरेनले वताए। सोही दिन बि १३ अमेरीकाका सदस्य हेमन्त साहीले १५ हजार, बि १३ हङकङका रमेश गुरुङ र भोज गुरुङले विस हजार प्रदान गरेका रकमको भौचर मिनेलाइ सुरेनले प्रदान गरे। पोखरा १३ तथा आसपास गथिविधिका संचालक कुमार केसीले मिने बचाउ अभियान अन्तर्गत आज सम्म तीन लाख एक हजार एकसय ८१ रुपैयाँ संकलन भएको पोखरापत्रलाइ वताए।




ICHHASHAKTI AUTOMOBILES PVT.LTD.
Nayabazar, Pokhara, ☎ 061- 522315, 9825165089

# नेपालमा उत्पादन भएका जनशक्तिले गर्दा विकासशील मुलुकको लागि सिफारिस भएको हो: मेयर जि.सी

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ फागुन**

नेपालमा उत्पादन भएका जनशक्तिको कारणले नै संयुक्त रास्ट्रसंघ मातहतको विकास नीति सम्बन्धी समितिले नेपाललाई विकासशील मुलुकमा स्तरोन्नतिका लागि सिफारिस गरेको पोखरा महानगरपालिकाका नगरप्रमुख मान बहादुर जि.सीले बताए।

सोमबार पोखरा महानगरपालिका शिक्षा महाशाखा एवं रोज फाउन्डेसनको सहकार्यमा संचालित किशोरी स्वास्थ्यमा विद्यालय प्रधानाध्यापकहरूको भुमिका सम्बन्धि एक दिने अन्तरकृया साथै निशुल्क सेनेटरी प्याड भेन्डिङ्ग मेसिन वितरण कार्यक्रममा यस्तो बताएका हुन्। नेपाल सरकारको चालु आव २०७६/०७७ को निति तथा कार्यक्रममा देशभरका सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूका लागि सेनिटरी प्याड निशुल्क उपलब्ध गराउने अनुरूप अनुदानको रकम पनि हस्तान्तरण भैसकेको उनले बताए । महानगरप्रमुख जिसीले



अनुदान स्वरूप प्राप्त रकमलाई व्यवस्थित गरि प्रविधिमा जोडिनुपर्ने बताए । पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख हेम प्रसाद आचार्यले किशोरीमा हुने महिनावारीसँग सम्बन्धित बिषयमा रोज फाउन्डेसनले सहजिकरण गरेको प्रति धन्यवाद ज्ञापन गरे । महानगरद्वारा शिक्षाको क्षेत्र गुणस्तरीय सेवा प्रदान गर्न प्रतिबद्ध रहेको उनले जानकारी दिए । कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष विमला भण्डारीले किशोरीहरूको संवेदनशिल बिषयप्रति रोज फाउन्डेसनले सक्रियका साथ लागि परेको बताइन। उनले सामाजिक उत्तरदायित्वका निम्ति महानगरसँग सहकार्य गर्दै फाउन्डेसनले विद्यालयका किशोरीहरूलाई दिइएको शिक्षा महत्त्वपूर्ण रहेको बताइन। उक्त कार्यक्रममा रोज फाउन्डेसनका अध्यक्ष माधव भण्डारीले महिनावारी र सेनिटरी प्याडसँग सम्बन्धित रहेर प्रस्तुतीकरण दिएका थिए । सोही कार्यक्रममा पोखरा भित्र रहेका पाँच वटा विद्यालयलाई कार्यक्रमका प्रमुख अतिथि महानगर प्रमुख जि.सीको हातबाट निशुल्क सेनेटरी प्याड भेन्डिङ्ग मेसिन वितरण गरिएको थियो।

जसमा भवानी कालिका मा.वि, विध्ववासिनी मा वि, शिवशक्ति मा वि, महेन्द्र मा वि र रत्न पाण्डे मा वि रहेका छन्। अन्य विद्यालयहरूलाई पनि सेनेटरी प्याड भेन्डिङ्ग मेसिन उपलब्ध गराइने फाउन्डेसनले जनाएको छ।

कार्यक्रममा रोज फाउन्डेसनका निर्देशक तथा शिक्षा विभाग प्रमुख विश्वराज पंगेनी, पोखरा महानगरपालिका स्वास्थ महाशाखा प्रमुख हेमन्त शर्मा, रोज बहिनी महिला सृजनशिल समाजको केन्द्रीय उपाध्यक्ष देबिका कार्की, रोज फाउन्डेसनको गण्डकी प्रदेशका जिल्ला संयोजक एवं पोखरामा रहेका सामुदायिक विद्यालयका प्राध्यापक शिक्षकशिक्षिकाहरूको उपस्थिती रहेको थियो।

रोज बहिनी महिला सृजनशिल समाज कास्कीका संयोजक लक्ष्मी कार्कीको अध्यक्षता सम्पन्न सो कार्यक्रमको संचालक रोज फाउन्डेसनका केन्द्रीय संयोजक अप्सरा खनालले गरेकी थिइन।

# सुपर जनरल इन्टर क्लव टी-ट्वान्टी क्रिकेट लिगमा पोखरा र चितवनको जित

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ फागुन**

चितवन क्रिकेट क्लव र सुपर जनरल पोखराले पोखरा रंगशालामा जारी क्रिकेट प्रतियोगिता अन्तर्गत मंगलबारका खेलमा जित हाँसिल गरेका छन् । चितवनले काठमाण्डौको बालुवाटारलाई तथा आयोजक पोखराले स्याँग्जा क्रिकेट क्लवमाथि जित निकालेको हो।

के.एन. स्पोर्टस प्रालिको आयोजना तथा सुपर जनरल कम्पनीको मुख्य प्रायोजनमा जारी प्रतियोगितामा मंगलबारको पहिलो खेलमा चितवन ४ विकेटले विजयी भएको हो। पहिला व्याटिङ्ग गरेको बालुवाटारले पुरा २० ओभर खेल्दै ८ विकेटको क्षतिमा १ सय २६ रन बनाएको थियो जसमा कप्तान सुमन उदयले २९ रनको पारी खेले। चिवतनका दिपेश श्रेष्ठले ३ विकेट लिए।

जितका लागि १ सय २७ रनको लक्ष्य पाएको चितवनले १४.४ ओभरमा ७ विकेट गुमाएर लक्ष्य पार गऱ्यो। चितनको जितमा विन्धेश्वरी भाँडा उद्योग म्यान अफ द म्याच हुन सफल प्रतिक शर्माले ५३ रनको महत्वपूर्ण योगदान दिए। ३३ बलको सामना गरेका उनले २ छक्का र ४ चौका प्रहार गरे। अर्का व्याट्स्म्यान




विक्रम कुमार गुप्ताले २४ रन जोडका थिए।

अर्को खेलमा पोखराले स्याँग्जामाथि २९ रनको जित निकालेको हो। पहिला व्याटिङ्ग गर्दै पोखराले १९.३ ओभरमा सम्पूर्ण विकेट गुमाएर १ सय १४ रन बनाएको थियो । पोखराका लागि अनुभवि खेलाडी दिपेश खत्रिले सर्वाधिक १९ रन जोड्दा अनिल गुरुङ्गले १७ रनको इनिङ खेले । जवाफि व्याटिङ्गमा आएको स्याँग्जा १६.३ ओभरमा ८५ रनमै समेटिएको थियो। स्याँग्जालाई सस्तैमा समेट्ने क्रममा विन्धेश्वरी भाँडा उद्योग म्यान अफ द म्याच दिपेश खत्रिले २, लालबहादुर अधिकारीले २ तथा गोविन्द प्रधान, सुवास भण्डारी र अमृत गुरुङ्गले समान १-१ विकेट लिए। स्याँग्जाका मिलन क्षेत्रिले १४ रन जोडेका थिए।यही फागुन १७ देखि शुरु भएको प्रतियोगिता २६ गतेसम्म सञ्चालन हुनेछ । 'खेल पर्यटन आजको आधार, क्रिकेट विकास हाम्रो सरोकार' को नारासहित आयोजित प्रतियोगितामा गण्डकी प्रदेशका चार र बागमती प्रदेशका चार गरी आठ टोलीले सहभागिता जनाएको प्रतियोगिता संयोजक कमल थापाले जानकारी दिए।

कोरोना कहरका कारण लामो समय क्रिकेट प्रतियोगिता नभएको अवस्थामा सो प्रतियोगिताले क्रिकेट खेलको विकास गरी देशका लागि आवश्यक राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका क्षमतावान खेलाडी उत्पादनमा सघाउने विश्वास आयोजकको छ।

## फेवातालको ...

विवरण तयार गर्ने तथा दूषित दर्ता भएका जग्गाको लगत तयार गर्ने र त्यस्ता जग्गाको दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम गर्नका लागि मालपोत विभागका निर्देशक गुरूदत्त सुवेदीको नेतृत्वमा पाँच सदस्यीय उपसमिति समेत गठन गरेको छ।

यसैगरी समितिले फेवातालको सौन्दर्यता र गरिमा यथावत् कायम राख्न, फेवाताल जलाधार क्षेत्रको दीर्घकालीन संरक्षण एवं विकाससम्बन्धी कार्यका लागि बृहत्तर गुरुयोजना तयार गर्ने सम्बन्धमा कार्य क्षेत्रगत शर्त तयार गर्नका निमित्त रुपाताल आयोजनाका प्रमुख सिडिइ तुलसीराम भट्टराई, सिँचाइ डिभिजन कार्यालय, कास्कीका प्रमुख सिडिइ किरण आचार्य तथा समिति सदस्य केदार बरालको तीन सदस्यीय उपसमितिसमेत गठन गरेको छ । यसअघि फेवाताल चार किल्ला निर्धारण सीमाङ्कन तथा नक्साङ्कन समितिले फेवातालको अध्ययन प्रतिवेदन नेपाल सरकारलाई फागुन २ गते बुझाएको थियो भने फागुन ४ मन्त्रिपरिषद्मा पेश भएको थियो। मन्त्रिपरिषद्ले फागुन ११ गते सो विषयमा निर्णय गरेको हो।

# कांग्रेस अहिले सरकारमा जानु हुँदैन : वरिष्ठ नेता पौडेल

**रासस**
**काठमाडौं, १८ फागुन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले आफूले विगतमा राष्ट्रपति र प्रधानमन्त्रीको प्रस्तावलाई त्यागेकाले अहिले फेरि राष्ट्रपति पदको लोभमा मुछिएकामा आपत्ति जनाएका थिए।

नेपाली कांग्रेस भक्तपुर जिल्ला समितिका पूर्वसभापति विश्वनाथ मिश्रको १०५ औँ जन्मजयन्तीको अवसरमा विश्वनाथ मिश्र स्मृति प्रतिष्ठान, सिरुटारले मंगलबार यहाँ आयोजना गरेको सम्मान एवं रक्तदान कार्यक्रममा उहाँले यस्तो आफूमाथि गलत प्रचार गर्न थालिएको भन्दै आपत्ति जनाउनुभएको हो । "देशमा पहिलो राष्ट्रपति चुन्ने बेलामा गिरिजाप्रसाद कोइरालालाई राष्ट्रिय अन्तर्राष्ट्रिय स्थितिले राष्ट्रपति बन्न नदिएपछि तपाईं राष्ट्रपति हुनुस् भनेर मलाई प्रस्ताव आएको थियो", पूर्वउपप्रधानमन्त्री पौडेलले भने, "त्यतिबेला पनि मैले गिरिजाबाबु मैले अझै पनि लोकतन्त्रको लागि लड्नु छ, राष्ट्रपतिको पदमा खुम्चिएर हुँदैन भनेर आएको अवसरलाई त्यागेको थिएँ।" आफूले लोकतन्त्रको मूल्य र मान्यतासँग कहिल्यै सम्झौता नगरेको बताउँदै पौडेलले आफूलाई प्रधानमन्त्रीको समेत प्रस्ताव आएको जनाऊ दिए । उनले भने, "पहिलो संविधानसभा कायम रहेको अवस्थामा पुष्पकमल दाहाल 'प्रचण्ड'ले मलाई बालुवाटार बोलाएर डा बाबुराम भट्टराईलाई प्रधानमन्त्रीबाट राजीनामा गराउँछौँ, तपाई १० वा प्रदेश संरचनाको सिद्धान्त मान्ने घोषणा गरिदिनुस्, तपाईं आजै प्रधानमन्त्री बन्नुस् भनेर प्रस्ताव गर्नुभएको थियो, मैले त्यो अवसरलाई त्यागेर प्रत्येक संविधान निर्माणका प्रत्येक बुँदाबुँदामा लडेँ ।" राष्ट्रपति र प्रधानमन्त्रीको प्रस्तावलाई त्यागेर देश र लोकतन्त्रको रक्षाको लागि लड्दै आएको व्यक्तिलाई अहिले राष्ट्रपतिको लोभमा फस्यो भन्दै गलत प्रचार गरिएको उनको भनाइ थियो।

नेता पौडेलले अहिले कांग्रेसले केन्द्रदेखि प्रदेशसम्म कुनै पनि सरकारमा जान नहुने र कुनै पनि लोभमा फस्न नहुने बताए। "कांग्रेसले अहिलेको प्रतिपक्षको भूमिका निर्वाह गर्ने हो, मौका आयो भन्दैमा अहिले नै सरकारमा गएर जादु गर्न सकिन्न, कुर्सी हत्याएको भोलिपल्ट अर्को चुनावमा कसरी लड्ने ?", उनले भने, "चोचोमोचो मिलाएर सरकारमा जानु हुँदैन, जानै परे कमजोर पक्षलाई समातेर जाने हो, सिधै सरकारमा जाँदा दुर्घटना हुन्छ, संसदीय प्रक्रियाबाटै जानुपर्छ ।" केन्ददेखि प्रदेश सरकारसम्ममा कांग्रेस प्रतिपक्षमै बस्नुपर्ने धारणा राख्दै उहाँले देशमा कायमै रहेको राजनीतिक अस्थिरताको अन्त्य आवश्यक रहेको बताए। देश र लोकतन्त्रमाथि आएको आएको सङ्कट टरेको छैन भन्दै उहाँले अझै पनि निरङ्कुशताविरुद्धको लडाइँ जारी नै रहेको बताए । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले दुईतिहाइको सरकारलाई फालेर गरेको प्रतिनिधिसभाको विघटनलाई सर्वोच्च अदालतले जोगाएको टिप्पणी गर्दै उहाँले कुनै पनि पदको लोभमा आफू देश र लोकतन्त्रको रक्षा गर्ने मैदानबाट भागेर खुम्चिएर नबस्ने भनाइ राखे। कांग्रेसमा अहिले कै नेतृत्वले पार्टी जोगाउन नसक्ने भन्दै नेता पौडेलले कांग्रेस पार्टीको उद्धार गर्ने पक्षमा आफू रहेको बताए। उनले भने, "पार्टीको उद्धार गर्ने बेला आएको छ, म यसको पक्षमा छु, पार्टी उद्धार गर्छु भनेर कोही सक्षम व्यक्ति आए म अझै त्याग गर्न तयार छु, तर देश र पार्टीलाई अलपत्र पारेर मैदानबाट भाग्दिनँ ।" कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य गुरुराज घिमिरे, रमा पौडेल, तरुण दलका पूर्वअध्यक्ष विनोद कायस्थ, नेता लेखनाथ न्यौपाने, कांग्रेस भक्तपुर जिल्ला सभापति दुर्लभ थापालगायतले प्रजातन्त्र सेनानी मिश्रले प्रजातन्त्र स्थापनामा पुऱ्याउनुभएको योगदानको चर्चा गरेका थिए।

# पोखरामा विरेन स्मृति बिटी कप जारी : बुधबारदेखि दोस्रो चरणका खेल हुन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ फागुन**

पोखरा महानगरपालिका १ बगर स्थित पुरानो टुडिखेलमा जारी 'चौथो विरेन स्मृति १४ औं बि.टी कप सेभेन ए साईड नकआउट अन्तर क्लब फुटबल प्रतियोगितामा पहिलो चरणका खेलहरु सम्पन्न भएका छन्।

पोखराको पुरानो टुडिखेल मैदानमा मंगलबार भएको पहिलो खेलमा भिमकाली क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै एम फाईभ दोस्रो चरणमा प्रवेश गर्यो। एम फाईभको जीतमा मिलन थापामगर र अस्विन गुरुङले समान १ गोलको योगदान दिए भने भिमकालीको तर्फबाट सन्देश भण्डारीले सान्त्वना १ गोल फर्काए।

त्यस्तै दोस्रो खेलमा बेगनासमाथी एसवाईसीले १-० गोल अन्तरले सँघर्षपूर्ण जीत निकाल्यो। एसवाईसीको जीतमा अजय श्रेष्ठले निर्णायक गोल गरे। तेस्रो खेलमा जेवाईसी दीपलाई बेली बारले १-० गोल अन्तरले पराजित गर्यो। उक्त जीतमा सविन घलेले निर्णायक गोल गरे। चौथो खेलमा गुँरास भुमीलाई सिमपानी



एफसीले १-० गोल अन्तरले पाखा लगायो । सिमपानीको जीतमा सुनिल तामाङले गोल गरे।

अर्को खेलमा ओटु बारले रामघाटलाई ४-२ गोल अन्तरले पराजित गर्दै दोस्रो चरणमा प्रवेश गर्यो। ओटु बारको जीतमा सिङ्कमान तामाङले २ गोल सिद्धान्त गुरुङ र विनम गुरुङले समान १ गोल निकाले । भने रामघाटको लागि प्रदिप गुरुङले सान्त्वना २ गोल फर्काएका थिए। लालीगुँरास धम्पुस र बिन्स बकेट बिच भएको छैटो खेल १-१ गोलको बराबरीमा सकिएपछि ट्राईबेकरमा ३-२ गोल अन्तरले बिन्स बकेटले जीत निकाल्यो । विष्णु पादुका हेम्जा र भ्याली स्पोर्टस् बिच भएको सातौ खेल गोलरहित बराबरीमा सकिएपछि ट्राईबेकरमा २-० गोल अन्तरले हेम्जा विजयी बन्यो । अन्तिम खेलमा कमलपोखरी टिम बीलाई एम टुवेलले ६-० गोलको फराकिलो अन्तरले पराजित गर्यो।

एम टुवेलको जीतमा अविनाश तामाङ र मनिस क्षेत्रीले समान २ गोल गरे। यस्तै मनोज गुरुङ र आकाश थपलियाले समान १ गोलको योगदान दिदै एम टुवेलले दोस्रो चरणको स्थान सुरक्षित गर्यो। बुधबार देखि दास्रो चरणका खेल हुने खेल संयोजक निकेश गुरुङले जानकारी दिए । उनका अनुसार विहान ८ बजे देखि खेल सुरु हुनेछ भने बुधबार कुल ८ खेल हुनेछन्।




कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५३२५०८, ०६१-५२०६५१, ०६१-५३७८५७, E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फ्रेड डे

## सम्पादकीय

# वार्ताबाटै समाधान खोज

सरकारले नेत्र विक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीसंग वार्ता गर्न गृहमन्त्री राम बहादुर थापा बादलको नेतृत्वमा वार्ता टोली गठन गरेको छ । वार्ता टोलीमा प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार डा राजन भट्टराई सदस्य रहेका छन । सरकार र विद्रोही नेकपा बीच अनौपचारिक वार्ता भइरहेका थिए । केही दिन अघि विप्लवले आफ्नो पार्टी सरकारसंग वार्तामा बस्न तयार भएको विज्ञप्ति निकालेका थिए । प्रधानमन्त्री केपी शर्मा ओलीले विप्लवसंग वार्ता हुने जनाउ दिदै आएका थिए । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) विभाजन लगत्तै विप्लवसंग वार्ता प्रकृया शुरु भएको थियो । विप्लव नेतृत्वको नेकपाले प्रबक्ता खड्क बहादुर विश्वकर्मा प्रकाण्डको नेतृत्वमा वार्ता टोली बनाएको छाटोलीमा उदय चलाउने सदस्य रहेका छन ।

दुई वर्ष अघि सरकारले विप्लव नेतृत्वको नेकपा माथि प्रतिबन्ध लगाएको थियो । सरकारले प्रतिबन्ध लगाए पनि भूमिगत रुपमा गतिविधि गर्दै आएको विद्रोही समुहले यश अघि वार्तालाई रणनीतिको रुपमा उपयोग गरेको थियो । सरकारले प्रशासनिक तरिकाले विप्लव समुहलाई निस्तेज गर्न खोजेको थियो । विद्रोही विप्लव समुहले माओवादी आन्दोलनलाई पुष्प कमल दाहाल प्रचण्डले धोका दिएको भन्दै विद्रोह गरेका विप्लव र बादल फरकफरक भुमिकामा छन । दुवैले एक अर्कोलाई राम्ररी चिनेको हुँदा वार्ताबाट सार्थक निकास पाउने अपेक्षा छ ।

वार्ता टोली सार्वजनिक भएसँगै सशस्त्र संघर्ष गरिरहेको चन्द नेतृत्वको नेकपा खुला राजनीतिसँगै शान्तिपूर्ण प्रक्रियामा आउने वातावरण देखिएको छ । विप्लवले फागुन ८ गते विज्ञप्तिमार्फत सहज वातावरण बने वार्ताको लागि तयार रहेको सार्वजनिक गरेसँगै सरकार र चन्द समूहबीच वार्ताको गृहकार्यले सघनरूप लिएको थियो । मन्त्री र सो समूहका नेतृत्वबीच केही महिनादेखि अनौपचारिक छलफल भइरहेको थियो । माघ २० गते खानेपानीमन्त्री मणि थापा र नख्खु कारागारमा रहेका विप्लव समूहका नेता हेमन्तप्रकाश वलीको भेटघाट वार्ताको वातावरण बनाउनेतर्फ केन्द्रित थियो । प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रामबहादुर थापाले विप्लव समूहलाई चाँडै मूलधारमा ल्याइने बताइरहेका थिए ।

तीन महिनाअघि मंसिर २०–२८ मा बसेको केन्द्रीय कमिटी बैठकबाटै राजनीतिक दलहरूसँग छलफल र आवश्यक परे सरकारसँगै संवाद अघि बढाउन विप्लव समूहले प्रकाण्डको नेतृत्वमा सचिवालय सदस्य धर्मेन्द्र बास्तोला र उपत्यका ब्यूरो इन्चार्ज चिरन पुन रहेको एक उच्चस्तरीय कार्यदल बनाएको थियो । धर्मेन्द्र हाल प्रहरी हिरासतमा रहेकाले वार्ता टोली सदस्यमा हेरफेर भएको हो ।

विप्लवको माग- संयुक्त सरकारदेखि जनमत संग्रहसम्म विप्लव समूहले पार्टीमाथि लगाइएको प्रतिबन्ध फुकुवा हुनुपर्ने, जेल र हिरासतमा रहेका नेता/कार्यकर्ताहरूलाई रिहा गर्नुपर्ने । उनीहरूमाथिको मुद्दा फिर्ता लिइनुपर्नेलगायतका सर्त अघि सारेको छ । अग्रगामी राजनीतिक निकासको लागि अग्रगमन चाहने प्रगतिशीलहरूको संयुक्त अन्तरिम सरकार सो समूहको प्रमुख राजनीतिक एजेन्डा छ । सरकार र विप्लवले वार्ता टोली सार्वजनिक गरेपछि प्रमुख विपक्षी कांग्रेस, नेकपा प्रचण्ड माधवकुमार नेपाल समुहले सकारात्मक भएको प्रतिक्रिया दिएका छन । सरकारले विप्लवलाई शान्तिपूर्ण मुलधारमा ल्याउन सकेमा राष्ट्रियता र स्वाभिमानका लागि ठूलो उपलब्धि हुनेछ । विदेशी चलखेल रोक्न र राष्ट्रियता, भौगोलिक अखण्डता कायम राख्न पनि देशभक्तहरु एकैठाउँमा आउनु आजको आवश्यकता हो ।

# धवलागिरिमा किशोरी सम्मेलन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १८ फागुन**

बालविवाह र यौनजन्य हिंसा न्यूनीकरण तथा महिनावारी स्वच्छताका लागि प्रथम धवलागिरि गाउँपालिकास्तरीय किशोरी सम्मेलनले ११ बुँदे घोषणापत्र जारी गरेको छ । गाउँपालिकाको केन्द्र मुनामा सोमबार भएको सम्मेलनमा सहभागी जनप्रतिनिधि, सरोकारवाला र किशोरीहरूले बालविवाह, यौनजन्य हिंसा न्यूनीकरण र महिनावारी स्वच्छता कायम गर्नेलगायत किशोरीहरूको शिक्षा, स्वास्थ्य र सुरक्षाका विषयमा घोषणापत्र जारी गरेका हुन् ।

गर्ल्स फस्ट फण्डको सहयोग, धवलागिरि गाउँपालिकाको समन्वय र सङ्गम म्याग्दीको आयोजनामा भएको सम्मेलनमा ११ विद्यालयमा गठन भएका किशोरी सञ्जालका ४८ प्रतिनिधिको सहभागिता थियो । किशोरीको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षासँग समस्याको पहिचान गरी समाधानका लागि सरोकारवालाको ध्यानाकर्षण गराउने विषयमा सम्मेलनमा छलफल गरेर प्रतिबद्धतासहितको घोषणापत्र जारी भएको सङ्गम म्याग्दीका अध्यक्ष दीपक पौडेलले जानकारी दिनुभयो ।

किशोरावस्थामा विवाह गर्दा हुने असर तथा हानीका बारेमा समुदायस्तरमा सचेतना फैलाउने, २० वर्ष पुगेपछि मात्र विवाह गर्ने, कानूनले तोकेभन्दा कम उमेरमा विवाह हुन लागेको सूचना प्रहरी, जनप्रतिनिधिलाई जानकारी गराउने र कानूनी कारवाहीको दायरामा ल्याउन सघाउने घोषणापत्रमा उल्लेख छ ।

सबै विद्यालयमा महिनावारी हुँदा प्रयोग गर्ने प्याड विसर्जनका लागि इन्सिलेटरको व्यवस्थापन गर्न माग गरिएको सम्मेलनमा सहभागीहरूले महिनावारी हुँदा सफला र धोएको प्याड घाममा सुकाएर मात्र प्रयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

बीस वर्ष नपुगी विवाह गर्ने जोडीहरूको गाउँठाउँमा मिलाउने गलत प्रवृत्तिको विरोध गर्ने र त्यस्तो हुनलागेको जानकारी पाएमा प्रहरीलाई सूचना दिने घोषणापत्रमा उल्लेख छ । किशोरीमाथि हुने यौन शोषण, हिंसा, बलात्कार अन्त्य, सुरक्षाको ग्यारेन्टी र त्यस्ता घटनामा संलग्नलाई कानूनी कारवाहीको माग गरिएको छ । घोषणापत्रमा किशोरीहरूले महिनावारीलाई प्राकृतिक प्रक्रियाको रूपमा लिन आग्रह गर्दै त्यो अवस्थामा अँध्यारो कोठामा थुन्ने, घरबाट बाहिर निस्कन नदिने, मिठो मसिनो खान नदिने अन्धविश्वास र रूढिवादीको भर्त्सना गर्दै महिनावारीको अवस्थामा किशोरीमैत्री वातावरण बनाउन आग्रह गरेका छन् । बाँच्न, संरक्षण, विकास र सहभागिताको नैसर्गिक अधिकारको सहजरूपमा उपभोग गर्ने वातावरण बनाउन माग गरेका छन् । सम्मेलनमा सहभागीहरूले बालविवाह नियन्त्रणमा सरकारी निकायबाट सहयोग नपाएको, सामाजिक हिसाबले दबाब आउने गरेका, महिनावारीको समयमा विद्यालयमा उचित वातावरण नुहँदा घरमै बस्न बाध्य भएको, यौन दुर्व्यवहार भएको बताएका थिए । किशोरीहरूले किशोरी सञ्जालमार्फत विद्यालय र समुदायस्तरमा सचेतनामूलक कार्यक्रमका साथै बालविवाह हुन लागेको सूचना जनप्रतिनिधि र प्रहरीलाई गराएको बताएका थिए । किशोरी सञ्जालका सोनिया केसी, नरदेवी विक, लक्ष्मी विकलगायतले विद्यालयमा स्यानिटरी प्याडको सुविधा भएपछि महिनावारी हुँदा पनि विद्यालय जाने वातावरण बने पनि प्याडको सुरक्षित व्यवस्थापन गर्ने ठाउँ नभएको बताउनुभएको थियो ।

सङ्गम म्याग्दीका कार्यकारी निर्देशक भरत केसीले धवलागिरि गाउँपालिकामा बालविवाहको अवस्थाका साथै कारण, असर र कानूनी व्यवस्थाको बारेमा जानकारी गराउनुभएको थियो । धवलागिरि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपाल शर्माले कानूनले अपराध मानेको बालविवाहको एक कारण गलत संस्कृति भएको बताउनुभयो । उहाँले बालविवाहले महिलाहरूको शिक्षा, स्वास्थ्य, सामाजिकलगायत धेरै क्षेत्रमा असर गरेको बताउनुभयो । कार्यपालिकाका सदस्य तथा गुर्जाका वडा अध्यक्ष झकबहादुर छन्त्यालले बालविवाह न्यूनीकरणका लागि गाउँपालिकाले सञ्चालन गरेको उमेर सान्दर्भिक विवाहसँग उपाध्यक्ष कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो ।

ताकम प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक यामबहादुर थापाले गरिबी, पारिवारिक समस्या, सामाजिक सञ्जाल र मोबाइलको दुरुपयोग बालविवाहको कारण भएको बताउनुभयो । गाउँपालिकाका योजना अधिकृत कृष्ण सुवेदी र शिक्षा अधिकृत कमलप्रसाद ढकालले बालविवाह न्यूनीकरणका लागि किशोरीहरूनै सचेत बन्नुपर्ने बताउनुभयो ।

# सुल्झाइँदै दुई जिल्लाको सिमा विवाद

**पोखरापत्र संवाददाता**
**बागलुङ, १८ फागुन**

बागलुङ जिल्ला र पूर्वी रुकुमको सीमा विवाद सुल्झाउने प्रयास थालिएको छ । बागलुङको निसीखोला गाउँपालिका र पूर्वी रुकुमको भूमे गाउँपालिकाको सीमामा वर्षौंदेखि विवाद छ ।

भूमे गाउँपालिकाले २०७४ सालमा बागलुङको भू-भागमा आएर प्रवेशद्वार निर्माण गर्न थालेपछि विवाद झनै बढेपछि अहिले दुई जिल्लाका सरोकारवाला निकाय सीमा विवाद सुल्झाउने प्रयासमा लागि परेका छन् । केही दिनअघि भएको सरोकारवालाबीचको बैठकले यही चैत महिनाभित्रै अध्ययन प्रतिवेदन तयार गर्ने र प्रतिवेदनका आधारमा सीमा विवाद टुङ्ग्याउने सहमति भएको बागलुङका प्रमुख जिल्ला अधिकारी सुरेश न्यौपानेले जानकारी दिनुभयो । निसीखोला गाउँपालिकाका अध्यक्ष तारानाथ पौडेलले मध्यपहाडी लोकमार्गले जोडिएका दुई जिल्लाको सिमानामा भौतिक संरचना निर्माण हुन थालेपछि विवाद उत्पन्न भएको र यसलाई दुवै स्थानीय तहले सुल्झाउने गरी दुवै जिल्लाका सरोकारवालाबीच सहमति भएको बताउनुभयो । “भूमे गाउँपालिकाले बागलुङको भू-भागमा आएर प्रवेशद्वार निर्माण गर्न थालेको थियो, हामीले काम रोक्यौँ, त्यतिबेला नै मिल्ने कोसिस गरियो तर सम्भव भएन”, अध्यक्ष पौडेलले भन्नुभयो, “त्यसपछि विवाद सिर्जना भई अझै सुल्झिन सकको थिएन, अहिले चैत महिनाभित्रै विवाद समाधान गर्ने गरी अगाडि बढेका छौँ ।” बागलुङको भू-भागमा पर्ने रिग ताल, पातीहाल्नेलगायत विभिन्न स्थानमा रुकुम पूर्वले दाबी गर्दै आएको छ । यसका लागि पटक-पटक विवाद समाधान गर्न खोजे पनि टुङ्गोमा पुग्न सकिएको थिएन । रुकुम पूर्वको भूमे गाउँपालिकामै गएर दुवै जिल्लाका समन्वय प्रमुख, प्रमुख जिल्ला अधिकारी, गाउँपालिकाका अध्यक्ष, कर्मचारीलगायतको टोली बसेर विवाद समाधानका लागि संयुक्त कार्यदल गठन गरिएको प्रजिअ न्यौपानेले बताउनुभयो । मध्यपहाडी लोकमार्गले नजोडिँदा यस स्थानमा कुनै पनि विवाद आएको थिएन । त्यस स्थानमा रहेका सम्भावित पर्यटकीय क्षेत्रहरूको पहिचान पनि हुन सकेको थिएन । स्थानीय सरकारको गठन र लोकमार्गले दुवै जिल्ला जोडिएपछि सीमा विवाद हुन थालेको हो । दुवै जिल्लाको सिमानामा पर्ने पातीहाल्नेमा भौतिक संरचना निर्माण गरी व्यवसाय सञ्चालन हुँदै आएको छ । भवन निर्माण भएको स्थान बागलुङमा भएको निसीखोला गाउँपालिकाले दाबी गरेको छ । मध्यपहाडी लोकमार्गको केही उत्तरतर्फ रहेको रिग ताल आफ्नो दाबी गर्दै निसीखोला गाउँपालिकाले पूर्वाधार निर्माण कार्यसमेत अघि बढाएको छ । सिमानामा रहेको पर्यटकीय क्षेत्रमा दुवै पक्षको बराबर हक अधिकार हुने रुकुम पूर्वस्थित भूमे गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरले बताउनुभयो । वर्षौंदेखि दुवै जिल्लाका नागरिकले यस क्षेत्रलाई चरिचरनका रूपमा प्रयोग गर्दै आएकाले यहाँको विकास र अवसर दुवै पक्षले गर्नुपर्ने उहाँको भनाइ छ ।

# व्यापारिक केन्द्र भएन संचालन

**पोखरापत्र संवाददाता**
**तनहुँ, १८ फागुन**

पशुपन्छी तथा कृषि बजार व्यवस्थापनका लागि बन्दिपुर गाउँपालिका-४ डुम्रे बजारस्थित निर्माण गरिएको व्यपारिक बजार केन्द्र सञ्चालनमा आउन सकेको छैन । डुम्रे भन्सार नयाँ शहर आयोजनाले व्यपारिक बजार केन्द्र निर्माण गरेर गाउँपालिकालाई बुझाएको झण्डै डेढ वर्ष बितिसक्दा पनि सञ्चालनमा आउन नसकेको हो ।

अव्यवस्थितरुपमा पशुपन्छी र कृषि बजार सञ्चालन हुँदा बजार क्षेत्रमा दुर्गन्ध बढ्नाका साथै अशोभनीय देखिएकाले त्यसका लागि छुट्टै व्यवस्थित बजार बनाउन लागेको हो । आयोजनाले विसं ०७४ जेठ १० गते सम्झौता गरी विसं ०७६ जेठ ७ मा सो केन्द्रको निर्माण सम्पन्न गरेको थियो । विसं ०७६ असोज ९ गते सो केन्द्र गाउँपालिकालाई हस्तान्तरण गरिसकेको आयोजनाका इन्जिनीयर मनोज पन्थले जानकारी दिनुभयो । शुरुका दुईतीन महिना भाडा नलिने र त्यसपछि भाडादर कायम गरेर भए पनि व्यवसाय सञ्चालनका लागि गाउँपालिकाले पहल थाल्नुपर्ने अवस्था देखिएको उहाँले बताउनुभयो । रु एक करोड १६ लाख १० हजार ५६९ लागतमा तरकारी बजारका लागि ११ र मासु बजारका लागि पाँचवटा सटर निर्माण गरिएको उहाँले बताउनुभयो । करीब पाँच रोपनी सार्वजनिक क्षेत्रफलमा पशु र तरकारी पसललाई व्यवस्थित गर्नका लागि बजार केन्द्र निर्माण गरिएको हो । किसानले उत्पादन गरेका कृषि उपजको बजारीकरण सहज गराउने उद्देश्यले भवन निर्माण गरिएको बन्दिपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बताउनुभयो । सोही स्थानमा बन्दिपुर गाउँपालिकाले समेत रु ३२ लाखको लागतमा व्यापारिक प्रयोजनका लागि सटरहरु बनाएको छ । सङ्घीय सरकारको रु तीन करोडको लागतमा सो स्थानमा चिस्यान केन्द्र निर्माण गर्नका लागि पहिलो वर्ष रु एक करोड विनियोजन भइसकेको अध्यक्ष थापाले बताउनुभयो ।

# म्याग्देमा भूमि आयोगको लगत सङ्कलन कार्यालय

**पोखरापत्र संवाददाता**
**दमौली, १८ फागुन**

तनहुँको म्याग्दे गाउँपालिकामा भूमिसम्बन्धी समस्या समाधान आयोगको लगत सङ्कलन एकाइ कार्यालय स्थापना गरिएको छ ।

गाउँपालिकामा स्थापना गरिएको सो कार्यालयको मंगलबार म्याग्दे गाउँपालिकाका अध्यक्ष मायादेवी राना र आयोगका केन्द्रीय सदस्य एकबहादुर रानाले उद्घाटन गर्नुभयो । भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई लालपुर्जा दिने सरकारको लक्ष्यबमोजिम गठन भएको आयोगले प्रभावकारीरुपमा काम सम्पन्न गर्नुपर्ने म्याग्दे गाउँपालिकाका मायादेवी रानाले बताउनुभयो । आयोगका केन्द्रीय सदस्य एकबहादुर रानाले आयोगले यो पटक जसरी पनि भूमिहीनलाई लालपुर्जा वितरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । लगत सङ्कलन कार्यालय उद्घाटनसँगै प्रत्येक वडामा भूमिहीनको लगत सङ्कलनका लागि ३५ दिने सूचना जारी गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण अधिकारीले जानकारी दिनुभयो । “अब वडावडामा लगत सङ्कलनका लागि सङ्कलनकर्ता खटाउँछौँ”, प्रमुख प्रशासकीय अधिकृत अधिकारीले भन्नुभयो ।

साथै आयोगका तर्फबाट आज नै अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । अभिमुखीकरणमा पालिकास्तरीय सहजीकरण समिति, वडास्तरीय सहजीकरण समिति र तथ्याङ्क सङ्कलनकर्ता गरी ८० जनाको सहभागिता छ । तालीममा भूमिहीन सुकम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको लगत सङ्कलनका लागि फारम भर्ने तरिका सिकाइने आयोगका जिल्ला अध्यक्ष दधिराज सुवेदीले जानकारी दिनुभयो । आयोगका अनुसार जिल्लाको व्यासनगरपालिका, शुक्लागण्डकी नगरपालिका, भानु नगरपालिका, भीमाद नगरपालिका, देवघाट गाउँपालिका र बन्दिपुर गाउँपालिकामा पहिलो चरणमा सम्झौता गरी लगत सङ्कलनको कार्य भइरहेको छ । दोस्रो चरणमा म्याग्दे गाउँपालिका र आँबुखैरेनी गाउँपालिकासँग सम्झौता गरी कार्य अगाडि बढाइएको छभने घिरिङगाउँपालिका र ऋषिङ गाउँपालिकामा कार्यक्रम हुन बाँकी छ ।

# कारागारबाट २५ कैदीबन्दी स्थानान्तरण

**पोखरापत्र संवाददाता**
**तनहुँ, १८ फागुन**

जिल्ला कारागारबाट २५ कैदीबन्दीलाई स्थानान्तरण गरिएको छ । आइतबार दिउँसो कारागारभित्र कैदीबन्दीबीच झडप भएपछि बसेको सुरक्षा निकायको बैठकले २५ जनालाई अन्यत्र स्थानान्तरण गर्ने निर्णय गरेको हो । प्रमुख जिल्ला अधिकारी सागर आचार्य, प्रहरी उपरीक्षक अरुण पौडेलसहित सुरक्षा निकायका प्रमुखहरुको बैठकले झडप र विवादमा संलग्न कैदीबन्दीलाई अन्यत्र स्थानान्तरण गर्ने निर्णयबमोजिम राति नै उनीहरुलाई स्थानान्तरण गरिसकिएको निमित्त जेलर नारायण अधिकारीले जानकारी दिनुभयो ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : शारिरीक झमेला | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : मन चञ्चल |
| कन्या | : आर्थिक समस्या | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. –५२०६५१

# दुर्गम बस्ती जोड्ने सडक निर्माण भएपछि बाजागाजासहित खुशीयाली

**पोखरापत्र संवाददाता**
**बेनी, १८ फागुन**

म्याग्दीको रघुगङ्गा गाउँपालिकामा गौरवको आयोजनाको रूपमा सञ्चालन भएको दग्नाम-दर्मिजा-चिमखोला-कुइनेमङ्गले सडकको उद्घाटन गरिएको छ।

गलेश्वर-पिप्ले-मौवाफाँट-दग्नाम-चिमखोला-कुइनेमङ्गले सडकखण्डअन्तर्गत रघुगङ्गा गाउँपालिका-४ दग्नामको अजिङ्गर भिरमा पुगेर रोकिएको सडक गाउँपालिका र जलविद्युत् निर्माण गर्ने तुँदीपावर र संयुक्त ऊर्जा कम्पनीको साझेदारीमा अक्करे पहाडमा विस्फोटक पदार्थको सहायताले सडकको ट्र्याक निर्माणले पूर्णता पाएको थियो।

सडकको ट्र्याक निर्माण भएर नियमितरूपमा सवारी वारपार गर्न थालेसँगै सोमबार समारोह आयोजना गरी बाजागाजासहित सडकको उद्घाटन गरिएको हो। गलेश्वरदेखि कुइनेमङ्गलेसम्म ३६ किलोमिटर सडकको ट्र्याक निर्माणमा स्थानीय सरकारसँगै सङ्घीय र प्रदेश सरकारको समेत साझेदारी रहेको छ। विकट बस्ती दर्मिजा, चिमखोला कुइनेमङ्गले सडक सञ्जालसँग जोडिएपछि स्थानीयवासीले बाजागाजासहित खुशीयाली मनाएका छन्।

सोमबार गाउँपालिकाको वडा नं ४ दर्मिजामा बाजागाजा र नाचगानसहित सडकको उद्घाटन गरिएको हो । सडक सञ्जालले जोडिएपछि दुर्गम बस्ती दर्मिजा, चिमखोला र कुइनेमङ्गले क्षेत्रका नागरिकले यातायातको सुविधा लिन पाएका छन् । वडा नं ४ दर्मिजाका ९६ वर्षीय ज्येष्ठ नागरिक दलबहादुर गर्बुजा, वडा नं ८ कुइनेमङ्गलकी ९३ वर्षीया उडिमा कमिनी र वडा नं ७ चिमखोलाकी १० वर्षीया बालिका लिस्मा पुनले सडकको संयुक्तरूपमा उद्घाटन गर्नुभएको हो।

अक्करे पहाड अजिङ्गर भिरमा रोकिएको सडकलाई तीन वर्षको प्रयासपछि स्थानीय सरकारका साथै प्रदेश, सङ्घ र जलविद्युत् निर्माण गर्ने कम्पनीसँगको साझेदारीमा सडकको ट्र्याक निर्माण सम्भव भएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो। "प्रभावित तीनवटै वडाबाट यस वर्ष गौरवको योजना यसै योजनामा परिचालन भयो, गाउँपालिकाको पहलमा दुई जलविद्युत् आयोजनाले समेत साझेदारी गरेपछि अन्ततः सडकको ट्र्याक निर्माणले पूर्णता पायो, आगामी दिनमा सडकलाई थप व्यवस्थित र सुरक्षित बनाउनतर्फ हाम्रो पहलकदमी रहनेछ", अध्यक्ष भण्डारीले भन्नुभयो। आर्थिक वर्ष २०७४/७५ देखि हालसम्म यस सडकखण्डमा रु १७ करोडभन्दा बढी बजेट खर्च भएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले गाउँपालिका, प्रदेश र सङ्घीय सरकारबाट यस सडकखण्डमा कूल रु चार करोड पाँच लाख ७२ हजार ६८७ खर्च भएको जानकारी दिनुभयो। त्यसमध्ये गाउँपालिबाट रु तीन करोड ६२ लाख ६० हजार ७५६, प्रदेश सरकारबाट रु २१ लाख ५४ हजार ४६६ र सङ्घीय सरकारमार्फत स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमअन्तर्गत रु २१ लाख ५७ हजार ४६५ खर्च भएको छ भने गाउँपालिका अध्यक्ष भण्डारीले समेत व्यक्तिगतरूपमा रु १० लाख परिचालन गर्नुभएको छ।

यस वर्ष गाउँपालिकाको पहलमा चिमखोला र कुइनेमङ्गले क्षेत्रमा जलविद्युत् निर्माण शुरु गरेका तुँदी हाइड्रोपावर र संयुक्त ऊर्जा प्रालिले रु ११ करोड बजेट यस क्षेत्रको सडक निर्माणमा खर्चिएको जनाएका छन् । सडक डिभिजन कार्यालयले तीन वर्षको अवधिमा रु दुई करोड ७६ लाख ४९ हजार ५२४ विनियोजन भई काम गरेको पाइएको छ।

मोटरबाटो उद्घाटन गर्दै ज्येष्ठ नागरिकद्वय कमिनी र गर्बुजाले गाउँमा सडक निर्माण भई गाडी आएको देख्दा आफूलाई निकै खुशी लागेको बताउनुभएको थियो । उद्घाटन कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सभापति खमबहादुर गर्बुजाले सडक निर्माणले जनतालाई राहत मिलेको बताउँदै सडकलाई नियमित सञ्चालन गर्न आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो।

# आगलागीबाट ४० लाख बराबरको क्षति

**पोखरापत्र संवाददाता**
**तनहुँ, १८ फागुन**

जिल्लाको व्यास नगरपालिका-४ स्थित होटल सःसः इनमा गए राति अन्दाजी २:०० बजेको समयमा आगलागी हुँदा करिब रु ४० लाख बराबरको क्षति भएको छ। सोही होटल नजिकै रहेको तरकारी लाइन नजिकैको ट्रान्समिटर पड्किएर उक्त होटलमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । विद्युत् लाइनबाट विद्युत् चुहिएर आगलागी भएको हुनसक्ने प्रहरीको अनुमान छ।

घटनालगत्तै व्यास नगरपालिकाको दमकल, नेपाल प्रहरी, स्थानीयवासीको सहयोगमा आगो निभाइएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिनुभयो । होटलको पहिलो तलामा रहेको आगन्तुककक्ष जलेर पूर्णरूपमा क्षति भएको उहाँले बताउनुभयो। आगलागीबाट मानवीय क्षति भने भएको छैन। होटलमा रहेको केही पाहुनालाई घरको छतबाट उद्धार गरिएको बताइएको छ।

# नारेश्वर तालमा एक करोड मुआब्जा वितरण

**पोखरापत्र संवाददाता**
**तनहुँ, १८ फागुन**

व्यास नगरपालिका-१० मा निर्माण गर्न लागिएको नारेश्वर तालका लागि जग्गा अधिग्रहण गरिएका उपभोक्ताहरुलाई नगरपालिकाले रु एक करोड ३७ लाख ६० हजार ५०५ मुआब्जा वितरण गरेको छ।

नगरपालिकाले ताल निर्माणका लागि करीब २५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो। आन्तरिक एवं बाह्य पर्यटकलाई जलविहार गराउने उद्देश्यले ताल निर्माण गर्न लागिएको नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो। गत वर्ष र यस वर्ष गरी २० जनालाई रु एक करोड ३७ लाख ६० हजार ५०५ वितरण गरिएको वडाध्यक्ष तुलसीराम सापकोटाले जानकारी दिनुभयो। बढी मुआब्जा पाउनेमा रु १० लाखसम्म रहेको उहाँले बताउनुभयो । उपभोक्ताको २५ र ऐलेनी जग्गा करीब २० रोपनी गरी कूल ४५ रोपनी क्षेत्रफलमा ताल निर्माण गर्न लागिएको छ । यसका लागि गण्डकी प्रदेश सरकारले रु एक करोड १५ लाख बजेट विनियोजन गरिसकेको बताइएको छ । देवीडाँडा पर्यटन प्रवर्द्धन विकास समिति र नारेश्वर ताल पर्यटन प्रवर्द्धन विकास समिति बनाएर वडालाई कृषि एग्रो टुरिजम क्षेत्र बनाउन लागेको हो।

पर्यटन प्रवर्द्धनका लागि ऐतिहासिक पर्यटकीयस्थल देवीडाँडामा वनभोजस्थल र भ्यू टावर निर्माण गरेर फूलै फूलको बगैँचा बनाउने योजनाअनुरुप काम भइरहेको वडाध्यक्ष सापकोटाले बताउनुभयो। "सो स्थानमा अहिले सार्वजनिक शौचालय र ट्रष्ट निर्माण गर्ने काम भइरहेको छ", उहाँले भन्नुभयो, "उक्त स्थानबाट सिधै फुड ट्र्याक बनाएर खहरेस्थित छाङ्ग बाराही मन्दिर जोड्ने लक्ष्य रहेको छ ।" ४० फिट अग्लो उचाइको भ्यू टावर निर्माणका लागि डिपिआर तयार भइसकेको उल्लेख गर्दै वडाध्यक्ष सापकोटाले सो टावर निर्माणका लागि नगरपालिकाले रु १५ लाख बजेट समेत विनियोजन गरिसकेको जानकारी दिनुभयो।

व्यासमार्ग हुँदै पर्यटकहरु छाङ्ग बाराही मन्दिरको अवलोकनपश्चात् निर्माण गरिएको सिँढी चढ्दै देवीडाँडा पुग्न सकिनेछ। देवीडाँडामा निर्माण गरिएको भ्यू टावरबाट दृश्य अवलोकनपश्चात् दुम्सीचौरस्थित कालिका मन्दिरको दर्शन गरी थालीडाँडा होमस्टेमा पुगेर बास बस्ने व्यवस्था मिलाइने व्यवस्था गर्न लागिएको बताइएको छ। भ्यू टावरबाट जिल्लाको अधिकांश भाग देख्न सकिन्छ । पहाडकी रानी नामले परिचित बन्दिपुर, दमौली, फराकचौर, गजौडे, मादी, दरबार, मिर्लुङकोट, क्यामिनकोट, मानुङकोट र गलेखामकोटलगायत स्थानको अवलोकन गर्न सकिन्छ । नारेश्वर तालमा जलविहार गराई तालघरे मार्ग हुँदै पृथ्वीराजमार्गमा पुगेर पर्यटकहरु गन्तव्यमा पुग्न सक्नेछन् । तालमा डुङ्गा चलाउने, तालको दायाँबायाँ कटेज तथा फुड ट्र्याक बनाउने कालिका जङ्गलमा रिसोर्ट निर्माण गर्नेलगायत संरचना निर्माण गरिनेछ। "ताल निर्माणको प्रक्रिया बल्ल सकिएको छ", उहाँले भन्नुभयो।

# पर्यटक आगमनमा झिनो सुधार

**–सिबी अधिकारी**
**काठमाडौं, १८ फागुन (रासस**

सन् २०२१ को फेब्रुअरीमा विदेशी पर्यटकको आगमनमा झिनो सुधार भएको छ। पछिल्लो पर्यटक आगमन दर हेर्दा कोभिड-१९ महामारीकैबीच विस्तारै विदेशी पर्यटक सङ्ख्या बढेको देखिन्छ।

सन् २०२१ को पहिलो दुई महिनामा कूल १८ हजार २० विदेशी पर्यटक नेपाल आएका छन् । अध्यागमन विभागलाई उद्धृत गर्दै नेपाल पर्यटन बोर्डले जनाएअनुसार जनवरीमा आठ हजार ८४७ र फेब्रुअरीमा नौ हजार १४६ पर्यटक नेपाल आएका हुन्। बोर्डका प्रवक्ता मणि लामिछानेले पछिल्ला महिना पर्यटक आवागमन सुधारात्मक रहेको बताउनुभयो । कोभिडपछिको पर्यटक आवागमन दरलाई तुलना गर्दा क्रमशः सुधारोन्मुख छ।

उहाँका अनुसार कोभिडपछिको पर्यटक आगमनदर हेर्दा गत नोभेम्बरमा एक हजार ९५६ र डिसेम्बरमा चार हजार २४५ पर्यटक आएका छन्। यो वर्षको जनवरीमा आठ हजार ८७४ र फेब्रुअरीमा नौ हजार १४६ पर्यटक आएका छन् । यो हवाई मार्ग भएर आउने विदेशी पर्यटकको सङ्ख्या हो। फेब्रुअरी महिनामा सबैभन्दा बढी भारतबाट चार हजार ७६३ पर्यटक नेपाल आएका छन् । सन् २०२० को फेब्रुअरी महिनामा भारतबाट १४ हजार ८४० पर्यटक आएका थिए। जुन अघिल्लो वर्षको तुलनामा ६७ दशमल नौ प्रतिशत कमी हो । उक्त अवधिमा चीनबाट मात्र ७०८ पर्यटक नेपाल आएका छन्। यो सङ्ख्या अघिल्लो वर्षको तुलनामा ७७ दशमलव नौ प्रतिशतले कमी हो । सन् २०२० को फेब्रुअरीमा तीन हजार २०७ पर्यटक नेपाल आएका थिए। अमेरिकाबाट ५०२ र जर्मनीबाट १२६ पर्यटक आएका छन्।

कोभिड महामारी जारी रहेपनि नेपालमा कोभिड विरुद्धको खोप लगाउन शुरु भइसकेको र कोभिडका सङ्क्रमितको सङ्ख्या पनि दिनानुदिन घटिरहेकाले पर्यटक आवागमन वृद्धि हुने व्यवसायीको अपेक्षा छ । सरकारले अघिल्लो वर्षको नोभेम्बर १७ तारिखदेखि नेपालमा विदेशी पर्यटक आवागमन खुल्ला गरेको थियो । कोभिड नियन्त्रणका लागि देशभर लागू गरिएको बन्दाबन्दीको करीब आठ महिनापछि नेपालको पर्वतारोहण र पदयात्रा नियमित भएको थियो।

विदेशी पर्यटकलाई होटल क्वारेन्टिन बस्नुपर्ने बाध्यताका कारण पनि विदेशी कम सङ्ख्यामा आएको व्यवसायीको बुझाइ छ। अनअराइभल भिसाको व्यवस्था गरी क्वारेन्टिनको बाध्यता हटाएको खण्डमा विदेशी पर्यटक बढ्ने सरोकारवालाको बुझाइ छ। नेपालको पर्यटनको मुख्य मौसम मार्च, अप्रिल र मे हो। यो अवधिमा पर्वतारोहण तथा पदयात्राका लागि उल्लेख्य सङ्ख्यामा विदेशी नेपाल आउँछन्। क्वारेन्टिन र अनअराइभल भिसा नभएका कारण आउन चाहने विदेशी पर्यटक पनि आउन नसकेको पर्यटन बोर्ड तथा निजी क्षेत्रका अगुवा संस्थाको बुझाइ छ।

नेपाल पर्वतारोहण सङ्घ, होटल एशोसिएशन अफ नेपाल (हान), ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान), नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) लगायत पर्यटन क्षेत्रका अगुवासंस्थाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय, पर्यटन विभाग, बोर्डलगायतको ध्यानाकर्षण गराउदैं आएका छन् । व्यवसायीले होटल क्वारेन्टिन हटाएर अनअराइभल भिसाको व्यवस्था गर्न माग गरेका छन्।

पर्यटकका लागि व्यवस्था गरिएको स्वास्थ्य मापदण्डले मुख्य पर्यटकीय मौसममा पनि विदेशी पर्यटक नआउने हुन्की भन्नेमा व्यवसायी चिन्तित छन्। पर्यटन व्यवसायी राजेन्द्रप्रसाद सापकोटाले विदेशी पर्यटकका लागि हालको व्यवस्थामा सुधार गरेको खण्डमा आगामी दिनमा पर्यटक बढ्ने बताउनुभयो । पिसीआर नेगेटिभ लिएर आउने पर्यटकलाई नेपालमा निर्वाध रुपमा घुम्न दिने वातावरण बनाइनुपर्नेमा उहाँले जोड दिनुभयो। पर्यटन व्यवसायी राजन सिङ्खडा पनि कोभिडको खोप लगाएर आउने पर्यटकलाई क्वारेन्टिन नबस्नुपर्ने व्यवस्था गरिए पर्यटक आगमन सहज हुने बताउनुहुन्छ। अहिले पर्यटकका लागि रहेको स्वास्थ्य मापदण्ड खुकुलो नबनाइए आउने मौसममा पनि पर्यटक भित्र्याउन कठिन हुने उहाँको तर्क छ।

हानका प्रथम उपाध्यक्ष विनायक शाहले विदेशी पर्यटकका लागि कायम गरिएको विद्यमान स्वास्थ्य मापदण्डलाई परिमार्जन गरी आगमन सहज तुल्याउनसके पर्यटक बढ्ने विश्वास व्यक्त गर्नुभयो।

हालकै अवस्थामा पनि विदेशी पर्यटक क्रमशः बढ्नुले नेपालको पर्यटन विस्तारै लयमा फर्किने अवस्थामा छ । तथापि पूर्वाधार विकास, सेवा स्तरीकरण र प्रवर्द्धनका कामलाई अझ प्रभावकारी बनाइनु जरुरी छ। पर्यटन प्रवर्द्धनका लागि बोर्डले पनि अहिले विभिन्न माध्यमबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा पर्यटन प्रवर्द्धन कार्यलाई तीव्रता दिएको छ। सन् २०२० मा दुई लाख ३० हजार ८५ विदेशी पर्यटक नेपाल आएका थिए।

# दूधमा अनुदानः उत्पादन बढाउँदै किसान

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १८ फागुन**

नगरपालिकाले दूध उत्पादन गर्ने किसानलाई अनुदान दिएपछि किसानले उत्पादन बढाउँदै गएका छन्।

स्याङ्जाको गल्याङ नगरपालिकाले नगरभित्रका विभिन्न दुग्ध सङ्कलन केन्द्रमा नेपाल सरकारको दुग्ध विकास संस्थानले तोकेको मूल्यमा दूध उपलब्ध गराउने किसानलाई प्रतिलिटर रु १५ उपलब्ध गराउँदै आएको गल्याङ नगरपालिकाका प्रमुख भूपराज अधिकारीले बताउनुभयो।

गल्याङ नगरपालिकालाई 'सेतो शहर' का रुपमा विकास गर्ने उद्देश्यले किसानलाई प्रोत्साहनबापत प्रतिलिटर रु १५ अनुदानस्वरुप उपलब्ध गराइएको प्रमुख अधिकारीले बताउनुभयो । "गल्याङलाई सेतो शहरका रुपमा पहिचान दिने अभियानसहित अगाडि बढेका छौं", प्रमुख अधिकारीले भन्नुभयो, "पशुपालक किसानहरु उत्पादन वृद्धि गर्नतर्फ लाग्नुहोस्, उत्पादित दूध तथा दुग्धजन्य पदार्थको बजारीकरणको जिम्मा नगरपालिकाले लिन्छ, ढुक्क हुनुहोस्।" नगरपालिकालेकिसानलाई उत्पादनका आधारमा अनुदान रकम उपलब्ध गराउँदै आएको उहाँको भनाइ छ। गल्याङ नगरपालिकाले थालेको अभियानमा यहाँका पशुपालक किसान उत्साहित भएर लाग्नुभएको छ जसका कारण अभियान सफल र प्रभावकारी बन्दै गएको पशु शाखाप्रमुख सुशील अर्याललले बताउनुभयो । किसानले अनुदान प्राप्त गर्ने र बजारीकरणको समस्या नभएपछि उत्पादन वृद्धि गर्नतर्फ लागेको उहाँले बताउनुभयो। गल्याङ नगरपालिकाका विभिन्न १८ वटा दुग्ध सङ्कलन केन्द्रमा आबद्ध रहेका किसानलाई नगरपालिकाले प्रतिलिटर रु १५ का दरले अनुदान रकम उपलब्ध गराउँदै आएको शाखाप्रमुख अर्याललले बताउनुभयो। "किसानले उत्पादन गरेको दूधको खपतका लागि नगरपालिकाले योजना बनाएको छ", उहाँले भन्नुभयो, "दूधबाट विभिन्न खालका परिकार बनाउने र बजारमा बिक्री वितरण गर्नेछौं।"

नगरपालिकाले गत शनिबार मात्रै वडा नं २ बटुवास्थित जनकल्याण दुग्ध सङ्कलन केन्द्रका ५१ किसानलाई अनुदानस्वरुप रु छ लाख छ हजार ३६९ वितरण गरेको थियो । नगरभित्रका १८ दुग्ध सङ्कलन केन्द्रमध्ये पछिल्लो चौमासिकमा अनुदानस्वरुप उपलब्ध गराइएको यो रकम नै सबैभन्दा धेरै भएको शाखाप्रमुख अर्यालको भनाइ छ।

उक्त सङ्कलन केन्द्रबाट सबैभन्दा धेरै रु ८५ हजार ३२० अनुदानस्वरुप आफूले प्राप्त गरेको रनमाया गुरुङले बताउनुभयो। "एकातिर दूधको उचित मूल्य तथा अनुदान पाइने र अर्कोतर्फ उत्पादित दूधको बजारीकरणको समस्या नभएपछि आकर्षण थप बढ्दै गएको छ", दुग्ध व्यवसायी गुरुङले भन्नुभयो, "अनुदान रकमले व्यवसायप्रति थप हौसला र उत्प्रेरणा जगाएको छ, किसानहरुमा खुशी छाएको छ ।" उत्पादित दूधका लागि नगरपालिकाले अनुदानको व्यवस्था मिलाएसँगै किसानलाई आत्मनिर्भरताबाट माथि उठाउँदै व्यवसाय उन्मुख बनाउनका लागि टेवा पुग्ने विश्वास दुग्ध व्यवसायी गुरुङको छ।

# सचेतना जगाउन मोबाइलमा 'अलर्ट म्यासेज'

**पोखरापत्र संवाददाता**
**दमौली, १८ फागुन**

चितुवाको सबैभन्दा बढी प्रभाव रहेको स्थानीय तह हो तनहुँको भानु नगरपालिका। पछिल्लो साढे दुई वर्षको अवधिमा चितुवाको आक्रमणबाट तनहुँमा दशजना बालबालिकाले ज्यान गुमाएका छन् । ज्यान गुमाउनेमध्ये ६ जना भानु नगरपालिकाका छन्।

मानव र वन्यजन्तुबीचको द्वन्द्वका कारण जिल्लामा चितुवाको आतङ्क बढ्दो छ। चितुवाको बढ्दो आक्रमण न्यूनीकरण गर्न डिभिजन वन कार्यालय तनहुँले सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यसै क्रममा कार्यालयले भानुका सर्वसाधारणको मोबाइलमा सन्देशमूलक सन्देश पठाउने व्यवस्था शुरु गर्ने भएको छ। नेपाल टेलिकमसँगको सहकार्यमा त्यस क्षेत्रका सर्वसाधारणका मोबाइलमा चितुवाको आक्रमणबाट बच्ने उपाय जानकारी दिन उक्त व्यवस्था गर्न लागिएको डिभिजन वन कार्यालयका प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो। "सामुदायिक वनमा पोखरी बनाउन अनुदान पनि दिएका छौं, आर्थिक स्रोत सबल भएका वनले आफैं पनि पोखरी बनाएका छन्", उहाँले भन्नुभयो, "घर वरपर झाडी, रातको समयमा अन्धकार हुँदा चितुवाको आक्रमण बढेकाले त्यसतर्फ पनि सचेतना जगाइएको छ।" जङ्गल फँडानी गरेर बस्ती बसाल्ने, जङ्गली जनावर मारेर खाइदिने कारणले गर्दा र मानव र वन्यजन्तुबीच द्वन्द्व बढ्दो अवस्थामा रहेको छ । "तनहुँमा विशेषगरी चितुवाको समस्या रहेकाले चितुवाको स्वभाव, यसले आक्रमण गर्न सक्ने समयलगायत विषयमा उपभोक्तालाई जानकारी गराएका छौं", उहाँले भन्नुभयो, "चितुवा सक्रिय हुने समय र आनीबानी बुझ्न सकिए यसबाट बच्न सकिन्छ ।" जङ्गलमा पाइने जीवजन्तु मानिसले शिकार गरेर खाइदिने गरेका कारण पनि चितुवाले बस्तीमा आएर मानिसलाई आक्रमण गर्न थालेको छ। कार्यालयले चितुवाबाट बच्नका लागि घरगोठ उज्यालो बनाउने, वस्तुलाई बचाउन गोठ बलियो निर्माण गर्नुपर्नेलगायत विषयलाई ध्यान दिनुपर्ने कुराहरु उपभोक्तालाई सचेत गराएको छ । "पानी खोज्दै बस्तीमा आउने चितुवाले घर नजीकै बालबालिका देखेपछि बच्चामाथि आक्रमण गर्न सक्छ", उहाँले भन्नुभयो।

काफ्लेका अनुसार जङ्गलमा पानीको व्यवस्थापन, घरवरपर झाडी व्यवस्थापन र जङ्गलमा घाँसेमैदान संरक्षण गर्न सकिए चितुवाले मानिसमाथि आक्रमण गर्ने स्थिति न्यूनीकरण हुँदै जानेछ । सानो बच्चा साथमा भएको अवस्थामा, बूढो वा घाइते भई शिकार खेल्न अशक्त भएको अवस्थामा, शिकार खाइरहेको वा बच्चालाई खुवाइरहेको अवस्थामा, अचानक जम्काभेट भएमा र भाग्ने ठाउँ वा मौका नपाएमा चितुवाले मानिसमाथि आक्रमण गर्ने गरेको बताइन्छ । पछिल्लो साढे दुई वर्षको अवधिमा तनहुँमा दशजना बालबालिकाले चितुवाको आक्रमणबाट ज्यान गुमाएका छन्। भानु, शुक्लागण्डकी, आँबुखैरेनी, बन्दिपुरलगायत ठाउँमा दश वर्षभन्दा कम उमेर समूहका बालबालिकाको चितुवाको आक्रमणबाट मृत्यु भएको छ। डिभिजन वन कार्यालय तनहुँले खोरमा नियन्त्रणमा लिएर ११ वटा चितुवालाई अन्यत्र स्थानान्तरण पनि गरिसकेको छ। भानु नगरपालिकामा मात्रै १५ भन्दा बढी चितुवा रहेको अनुमान छ । भानुका जङ्गलमा चितुवा गणनाका लागि क्यामरा जडान गरिएको थियो । यद्यपि उक्त अध्ययनको आधिकारिक नतिजा सार्वजनिक नभए पनि १५ भन्दा बढी चितुवा भानुमा रहेको अनुमान छ। २२ सामुदायिक वनको चार हजार २०० हेक्टर क्षेत्रफलमा चितुवा र चितुवाको आहारा प्रजातिको गणना गरिएको थियो।


त्रिभुवन विश्वविद्यालय

**वन विज्ञान अध्ययन संस्थान**

पोखरा क्याम्पस, पोखरा

**बिभिन्न प्रजातिका रूखहरू लिलामबिक्री सम्बन्धी गोप्य शीलबन्दी बोलपत्र आव्हानको सूचना ।**

यस क्याम्पस परिसर भित्र रहेका विभिन्न प्रजातिका (चाँप, सिसौं, टुनी, सिमल, खयर, सल्ला आदि) २४८ वटा रुखहरु यथास्थितिमा लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा रु, १५,९६,२६०।– (पन्ध्र लाख छ्यानब्बे हजार दुई सय साठी मात्र) मा नघटाई लैजान चाहने इच्छुक ईजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७७/१२/०९ गतेभित्र रीतपूर्वकको शीलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

निमित्त क्याम्पस प्रमुख